'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ९७ | मंगलवार १८ मंसिर, २०८१ | 03 (Tuesday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### काम नगर्ने ठेकेदारविरुद्ध सरकार निर्मम भएर लाग्छ : मुख्यमन्त्री कँडेल

# कारबाहीको चेतावनी पश्चात् राज्यमन्त्रीको कम्पनी सम्पर्कमा

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/१७



पटक-पटक आग्रह गर्दा पनि अटेर गरेपछि अन्तिम पटक कारबाहीको चेतावनी पश्चात ठेकेदार तथा संघीय सरकारका ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ उर्फ कान्छारामको निर्माण कम्पनी कर्णाली सरकारको सम्पर्कमा आएको छ । प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास निर्देशनालयले १५ वटा सडकको काम अलपत्र पारेर असार महिनादेखि सम्पर्क विहीन भएको भन्दै कात्तिक २९ गते सूचना प्रकाशित गरेको थियो । सूचनालाई बेवास्ता गरी कार्य सम्पन्न नगरेको खण्डमा कारबाही गर्ने चेतावनी दिइएको थियो । त्यस पश्चात् तामाङको 'कान्छाराम कन्स्ट्रक्सन' सम्पर्कमा आएको कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले बताएका छन् । मुख्यमन्त्री कँडेलले भने, 'ठेकेदारहरूका कारण हामीले गाली खानु परेको अवस्था छ, झन् मुख्यमन्त्री कै कार्यालय अगाडि गेटको बाटो अलपत्र छ भन्दै आलोचना भइरहेको छ, अहिले हामीले काम नगर्ने ठेकेदारलाई कारबाहीको चिठी जारी गरेपछि सम्पर्कमा आएछन् । ती साथी सिंहदरबारको राज्यमन्त्री पनि रहेछन् ।' अब काम नगरेर अलपत्र पार्ने ठेकदार विरुद्ध प्रदेश सरकार निर्मम भएर लाग्ने मुख्यमन्त्री कँडेलको भनाइ छ । मैले ठेकेदार साथीहरूलाई भनेको छु, सके पुरस्कार लिने गरी काम गर्नुहोस्, नभए कारबाही गरिने छ ।' राज्यमन्त्री साथीको कम्पनीले चेतावनीपछि आफ्नो कार्यालय अगाडि बालुवा ल्याएर थुपारिरहेको मुख्यमन्त्री कँडेलले बताए । उक्त सडक हेर्ने पूर्वाधार विकास निर्देशनालयका इन्जिनियर प्रेमचन्द्र पाण्डेले कारबाहीको चेतावनी पश्चात् कम्पनी आएर काम थालेको बताए । उक्त कम्पनीले जिल्ला अदालत-मुख्यमन्त्री कार्यालय-अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय जोड्ने सडक सहित राजधानीका १५ सडक अलपत्र पारेको छ । मुख्यमन्त्री कार्यालय गेटको सडक जम्मा ६३५ मिटरको मात्रै छ । उक्त सडकको अहिलेसम्म नाला, २०० मिटर बेस राख्ने काम भएको छ भने ३५० मिटर ग्राभेल गरिएको छ । डिभिजन वन कार्यालय अगाडिको १८१ मिटरको सडकको नाला र सब बेसको काम मात्रै भएको छ । बेस राख्ने र कालोपत्रे गर्ने काम पूरै बाँकी छ । इन्जिनियर पाण्डेका अनुसार खारखोली-टेलिकम जोड्ने २२५ मिटरको सडकको बेस राखेर कालोपत्रे गर्ने काम अहिलेसम्म सुरु भएको छैन । यस्तै खारखोली हटलाइन अन्तर्गतको ३३४ मिटर सडकको पनि बेस राखेर कालोपत्रे गर्ने काम पूरै बाँकी छ । इत्रामखोलादेखि जिल्ला प्रहरी कार्यालय अगाडि जोड्ने ४०० मिटरको सडकको दायाँतर्फ २०७ मिटर र बायाँतर्फ २९७ मिटर नालाको काममात्रै भएको छ ।

बाँकी ३ पेजमा...

# राप्ती राजमार्ग दैनिक पाँच घण्टा बन्द

नमस्ते समचारदाता
सल्यान, मंसिर/१७



राप्ती राजमार्ग दैनिक पाँच घण्टा बन्द गरिएको छ । सडक स्तरवृद्धिका समयमा नियमित गाडी सञ्चालनमा आउँदा दाङ-सल्यान सडक खण्डको कपुरकोटदेखि राम्रीसम्म काम प्रभावित हुन थालेपछि जिल्ला प्रशासन कार्यालय दाङले सूचना प्रकाशन गरेर सोमबारदेखि पाँच घण्टा बन्द गरेको हो । राप्ती राजमार्ग हरेक दिन बिहान ११ देखि दिउँसो ४ बजेसम्म बन्द गरिएको हो । वैकल्पिक मार्ग नभएपछि यात्रु दिनभरि उक्त सडकमा रोकिएका छन् । सडक डिभिजन कार्यालय घोराही दाङकै रोहबरमा सूचना प्रकाशन गरिएको जिल्ला प्रशासन कार्यालय दाङका सहायक प्रमुख जिल्ला अधिकारी सावित्रा पुनले जानकारी गराएकी हुन् । पुनका अनुसार राप्ती राजमार्गको राम्री कपुरकोट सडक खण्डमा गाडी आउजाउ बन्द गरिए पनि बिरामी बोकेका एम्बुलेन्स र अत्यावश्यक आवश्यकताका चारपाङ्गे साना गाडीहरु कपुरकोट-किमुचौर-सातलवास - पैयाखोला हुँदै सञ्चालन गर्न सकिनेछ ।

# पच्चीस हजार घुससहित ट्राफिक प्रहरीका सई पक्राउ

नमस्ते समचारदाता
रोल्पा, मंसिर/१७

जिल्ला ट्राफिक प्रहरी कार्यालय रोल्पाका प्रमुख घुससहित पक्राउ परेका छन् । ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब निरीक्षक ललित कुमार बुढाथोकी घुससहित पक्राउ परेका हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जको टोलीले बुढाथोकीलाई सोमबार बिहान २५ हजार घुस रकमसहित पक्राउ गरेको हो । जिल्ला भित्र यातायात सहजीकरण गरिदिने भनी सेवाग्राहीबाट घुस रकम लिईसकेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको र उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारको सम्पर्क कार्यालय नेपालगञ्जका सूचना अधिकारी झलक केसीले जानकारी दिएका छन् ।

# नमूना आवासमा बस्न पाउँदा भूकम्प पीडित खुसी

नमस्ते समचारदाता
रुकुमपश्चिम, मंसिर/१७



रुकुमपश्चिमको आठबिसकोट नगरपालिका-१३, भल्माका ५१ वर्षीय हरिजङ्ग मल्ललाई गत वर्षको भूकम्प आएका बेला जीवन जोगिएला, बाँचौंला, घर बन्ला र परिवारका साथ बस्न पाऊँला भन्ने लागेकै थिएन । भूकम्पले हेर्दाहेर्दै घर ढल्यो, मल्लले त्यतिबेला भागेर ज्यान जोगाएका थिए । घर भत्किएपछि परिवारमा गाँस र बासको चरम अभाव भयो । श्रीमतीले तीन छोरी र दुई छोराका साथ कामको खोजीमा घर छाडेको वर्ष दिनपछि हाल मल्लको नमुना घर तयार भएको छ । सरकारले मल्ल लगायतका भूकम्प पीडितका लागि नमुना घर निर्माण गरिदिएको छ । हरिजङ्ग आफैं दृष्टिविहीन, श्रीमती धनकुमारी सुस्त मनस्थिति र जेठो छोरा अपाङ्गता भएका व्यक्ति हुन । पारिवारिक स्थिति हेर्दा उनको जीवन निकै दर्दनाक र समस्याले झेलिएको छ । मल्लले भूकम्पपछि घरबास विहीन भएको आफ्नो परिवारले सुरक्षित घर पाएको भन्दै खुसी व्यक्त गरे । उनले भने, 'अहिलेसम्म अस्थायी टहरामा ओत लागेर बसेँ, कहिले छिमेकीको घरमा खाएँ, कहिले भोकै सुतेँ । घर बनेको खबर छोराछोरीले सुनेपछि घर आउन आतुर भएका छन्, यो मेरो परिवारका लागि ठुलो खुसी हो ।' मल्लकी श्रीमतीले छोरीका साथ अर्काको घरमा काम गरेर सन्तानको लालनपालन गरिरहेकी छन् । आठबिसकोट नगरपालिका-१४, छेपारेकी ६० वर्षीय सरस्वती जैसीको पनि नमुना घर तयार भएको छ । भूकम्पबाट बुहारी र तीन नातिनातिनी गुमाएकी जैसीले श्रीमानको मृत्यु भएको वर्ष दिन बित्न नपाउँदै बिरामीका कारण जेठो छोरा पनि गुमाउन पुगिन । उनका माइला छोरा विपेन्द्र पनि भूकम्पपछि नियमित औषधि उपचारमै छन् । भूकम्पका बेला घाइते अवस्थामा उद्धार गरिएका उनको स्वास्थ्य अवस्था कमजोर छ । घर पाउँदा भूकम्पको पीडामा मलम लगाएको अनुभूति भएको जैसीले बताए । मल्ल र जैसीको जस्तै जाजरकोटको भेरी नगरपालिका-१, पिपे निवासी बबिता राना र सानोपुल रिम्ना निवासी परिमले रानाको पनि नमुना घर निर्माण भएको छ । बबिता एकल महिला हुन् ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सूचना, बोलपत्र आव्हान सम्बन्धी सूचना, कर्मचारी भर्ना सम्बन्धी सूचना, जनहितमा जारी सूचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## प्रधानमन्त्रीको चीन भ्रमणका अपेक्षा

नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर चीनसँग नेपालले गर्नुपर्ने बिआरआई सम्झौता कार्यान्वयनको बहसले मुख्य चर्चा पाएको छ । कतिपय बहस राजनीतिक पूर्वाग्रहका आधारमा वैदेशिक शक्तिकेन्द्रलाई खुसी पार्ने गरी गरिएको पाइन्छ भने कतिपय बहस र छलफल राष्ट्रिय हितलाई ध्यानमा राखेर गरिएको पाइन्छ। नेपाल सन् २०१७ मा बिआरआई परियोजनाको संस्थापक सदस्य राष्ट्र भएको हो। जसका कारण यस परियोजनालाई कार्यान्वयनमा लैजानु नेपालको कर्तव्य र दायित्व पनि हो । सन् २०१३ मा चीनका राष्ट्रपति सी.जिनपिङद्वारा प्रस्ताव गरिएको विश्वको सबैभन्दा ठुलो विकास परियोजनालाई बिआरआईका नाममा चीनले अगाडि बढाएको हो । चिनियाँ सपनाका रूपमा अगाडि बढाइएको यो परियोजना चीनको आर्थिक कूटनीतिको प्रमुख आधार पनि हो। अर्थात्, बिआरआई चिनियाँ कूटनीतिको एक अंग हो। चीनले विश्वलाई यस परियोजना मार्फत स्थल र जल दुवै भागबाट व्यापार, निर्माण तथा कनेक्टिभिटी गर्ने र यस परियोजनामा सहभागी राष्ट्रको आर्थिक, सामाजिक विकासका लागि सहकार्य गर्ने उद्देश्य रहेको छ । चीनले विदेशमा गर्ने लगानी तथा आर्थिक सहयोग यसै परियोजना मार्फत गर्दै आइरहेको छ । ०७२ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमण गर्दा नेपालले बिआरआई परियोजना अन्तर्गत कार्यान्वयन गर्ने गरी ३५ वटा परियोजना चीनसामु प्रस्ताव गरेका थिए । नेपालद्वारा प्रस्तावित परियोजना मध्ये प्राथमिकताका आधारमा एक अंकमा घटाई परियोजना छनोट गरी पेस गर्न चीनले नेपाल सामु प्रस्ताव गरेकाले नेपालले ९ वटा परियोजना छनोट गरी चीन सरकार समक्ष पेस गरेको थियो। प्रस्तावित आयोजना कार्यान्वयन हुन नसक्नुमा भूराजनीतिक दबाब एउटा पक्ष हो भने सरकारको इच्छाशक्तिको अभाव अर्को प्रमुख पक्ष हो । अहिले प्रधानमन्त्रीको चीन भ्रमणको अवसरमा बिआरआईले चर्चा पाइरहेको छ। नेपालमा बिआरआई कार्यान्वयन भन्नासाथ चीनसँगको रेलवे तथा कनेक्टिभिटी मात्र बुझ्ने र त्यसको लागत बारे मात्र चर्चा हुने गरेको पाइन्छ । बिआरआईले नेपाललाई चीनसँग मात्र नभई विश्व बजारसँग फराकिलो नेटवर्कमा जोड्ने निश्चित छ । बिआरआई नेपालको आर्थिक विकास र समृद्धिको वैकल्पिक स्रोत हो । यस्लाई यही रुपमा बुझ्न जरुरी छ।

# ज्येष्ठ नागरिकलाई न्याय कहिले ?



सुशील दर्नाल

नुवाकोटकी सीतामायाको उमेरले ९० काटिसक्यो। यो डाँडामाथिको जूनजस्तै ९० वर्षको उमेरमा सीतामायाको वरिपरि छोराछोरी, नातिनातिना हुनुपर्ने हो। तर आफैंले जन्माएको छोराले आफूलाई वृद्धा श्रममा छोडेर अमेरिकामा रमाइरहेका छन् । सीतामाया वृद्धा श्रममा बस्न थालेको पनि आज पाँच वर्ष भयो। यो बीचमा आफूलाई वृद्धा श्रममा छोडेर गएपछि एक पटक पनि फर्केर आएनन् सीतामायाका छोरा । छोराले बुहारी र आफ्नो छोरो लिएर अमेरिकातिर गएको कुरा सीतामायाले उनलाई वृद्धा श्रममा भेट्न आएका गाउँलेको मुखबाट सुन्नुपर्‍यो । कुन आमाको चाहना हुँदैन र जिन्दगीको उत्तरार्द्ध डाँडामाथिको जूनजस्तै भएको बेला सन्तान साथमै होस् । आफ्नो ज्यान आफैंलाई भारी भएर घुँडाले बूढो शरीर धान्न नसकेको बेला घरपरिवार, छोराछोरी, नातिनातिना आफन्तको सहारा होस् । तर, सीतामायाले अहिले वृद्धा श्रममा काल पर्खेर बसेजस्तै भएको छ। उनको सहारा भनेको त्यही एउटा लौरी छ साथमा । सीतामायाको मात्रै होइन, अहिले वृद्धा श्रममा बस्दै आएकी ७८ वर्षीया चन्द्राकुमारीको पनि एउटा छोरा अस्ट्रेलियामा बस्छन् । सिन्धुली घर बताउने चन्द्राकुमारीको अर्को छोरा परिवारसहित भारतमा बस्छन् । चन्द्राकुमारीको श्रीमान्को मृत्युपछि आमालाई कसले पाल्ने भन्नेबारे दुई भाइबीचमा किचलो सुरु भयो। भएको सबै सम्पत्ति आआफ्नो नाममा गरेर एउटा छोरा अस्ट्रेलिया र अर्को आफ्नो परिवार (श्रीमती, छोराछोरी) लिएर भारततिर गए । सीतामायाको सहारा कोही नभएपछि गाउँलेकै साथ लाएर अहिले यता वृद्धा श्रममा आएर बसेकी छन् । चन्द्राकुमारीलाई कहिलेकाहीँ विरक्त लाग्छ। सन्तान हुनुभन्दा बरु नभएको भए हुन्थ्यो जस्तो लाग्छ। कहिलेकाहीँ चन्दाकुमारी एक्लै बसेर रुन्छिन् । फेरि संसार यस्तै हो, आफ्नो भाग्य जस्तो छ, त्यस्तै भोग्ने हो भनेर चित्त बुझाउँछिन्, चन्दाकुमारी । सन्तान भएर पनि बुढेसकालमा एक्लो जिन्दगी जिउनु पर्दा साह्रै पीडा हुन्छ, चन्द्राकुमारीलाई। मानव सेवा आ श्रममा आ श्रय लिइरहेकी ९० वर्षीया लक्ष्मी भट्टको पनि सीतामाया र चन्दाकुमारीको जस्तै मनभरि पीडा छन् । श्रीमान्को मृत्युपछि दुई भाइ छोराले भएको सबै सम्पत्ति कुम्ल्याए र आमालाई सडकमा बेवारिसे छाडे । बुढेसकालमा आफ्नै छोराहरूको आँखाको कसिंगर भएपछि उनी आ श्रमको आड लागेको पनि आज वर्ष दिन भयो । अहिलेसम्म न छोरा न त कोही आफन्त नै खोजीनीति गर्न आए । यसरी सन्तान भएर पनि बुढेसकालमा वृद्धा श्रमको सहारा लिएर बस्ने सीतामाया, चन्द्राकुमारी लक्ष्मी उदाहरणमात्रै हुन् । पछिल्लो समयमा बूढा भएका बाबुआमालाई बेवारिसे वा वृद्धा श्रममा लगेर छोड्ने र आफू विदेश पलायन हुने संस्कार जस्तै बनेको छ । पशुपति वृद्धा श्रममा आ श्रय लिने अधिकांश वृद्धवृद्धाको सन्तान छन्, तर आमाबावुलाई हेर्दैनन् । बुढेसकालमा पाल्ने एकमात्र छोराले सडकमै छाडेपछि टोखास्थित पवित्र समाजसेवा नेपालमा आश्रित हुनु परेको छ, ६० वर्षीया सुन्तली आमालाई । यी प्रतिनिधि आमामात्रै हुन्। धेरै आमा सन्तान भएर पनि निभ्ने बेलाको जिन्दगीलाई वृद्धा श्रमको सहारामा जबरजस्त धकेलिरहेका छन् । सन्तान भएर पनि वृद्धा श्रमको आड लिनुपर्ने बाउ (बाबु)हरू पनि उत्तिकै छन् । एकातिर सन्तान भएर पनि आ श्रममा आश्रित जीवन बाँच्नु पर्दाको पीडा, अर्कातिर शारीरिक अस्वस्थता, मानसिक तथा मनोवैज्ञानिक पीडा, एक्लोपना उदासीनता र हीनताबोधको पीडा। वृद्धा श्रममा बस्ने अधिकांश वृद्धवृद्धामध्ये धेरैका छोराबुहारी अमेरिका, अस्ट्रेलिया, बेलायतलगायतका मुलुकमा डाक्टर इन्जिनियर छन् । राजनीतिक दलका नेता तथा व्यापारीसमेत छन् । तर पनि आमाबाबुलाई वृद्धा श्रममा लगेर राखेका छन् । खासगरी सम्पत्तिका



कारण वृद्धवृद्धा बुढेसकालमा आफ्ना सन्तानबाट एक्लिनु परेको छ । नयाँ पुस्तामा देखिएको व्यक्तिवादि सोचसँगै मौलाएको एक त परिवार (श्रीमान्, श्रीमती, छोराछोरी)को संरचनाभित्र जन्म दिने बाबुआमा नअटाएको देखिन्छ । सम्पत्ति खाने छोराछोरीले नै आफ्ना बाबुआमालाई पाल्नुपर्ने बाध्यकारी ऐन, कानुन बनाएर व्यावहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा यातायात र स्वास्थ्य उपचारमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिने भनिए पनि त्यसको अहिलेसम्म पनि पूर्ण कार्यान्वयन हुन सकेको छैन । ज्येष्ठ नागरिक (दलित, महिला, लोपोन्मुख जाति, आदिवासी, जनजाति, कर्णालीवासी र एकल महिलाले ६० वर्ष र अन्य ज्येष्ठ नागरिकले ६५ वर्ष पुगेपछि सामाजिक सुरक्षा भत्ता पाउने भनिए पनि नागरिकता नभएका कारण वृद्धा श्रमको आ श्रय लिने ज्येष्ठ नागरिक त्यसबाट वञ्चित हुँदै आएका छन्।सर्वोच्च अदालतको २०६७ चैत २४ गतेको फैसलाले ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा भाडामा ५० प्रतिशत छुट दिन, सरकारी अस्पतालमा निःशुल्क र निजी अस्पतालमा ५० प्रतिशत छुटलाई कार्यान्वयन गर्न सरकारको नाममा आदेश जारी गरेको थियो । तर त्यसको अहिलेसम्म पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। मुख्य त छोराछोरीलाई बाबुआमाप्रति उत्तरदायी बनाउनुपर्ने देखिन्छ। २०६८ सालको जनगणना अनुसार ज्येष्ठ नागरिकको जनसंख्या (६० वर्ष पुगेका) २५ लाख अर्थात् कुल जनसंख्याको ८.१३ प्रतिशत छ । हाल विश्वमा ६० वर्ष नाघेका ज्येष्ठ नागरिक करिब ८० करोड छन् । यो संख्या सन् २०५० सम्ममा दुई अर्ब लाग्ने अनुमान गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार हाल देशैभर करिब ८० वटा वृद्धा श्रम सञ्चालनमा छन्। पछिल्लो समयमा संयुक्तभन्दा पनि एकल परिवारको संस्कृति झन्झन् मौलाइरहेको सन्दर्भमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनी संविधानमा उल्लेख अधिकारका आधारमा जतिसक्दो चाँडो ऐन-कानुन निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। नेपालको संविधानको धारा ४१ मा 'ज्येष्ठ नागरिकको मौलिक हकमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनिएको छ । त्यसैगरी, राज्यका नीतिहरू धारा ५१, (ञ) 'सामाजिक न्याय र समावेशीकरणसम्वन्धी नीति' (१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने भनिएको छ। ज्येष्ठ नागरिकले लामो समयदेखि स्वास्थ्य उपचार, यातायात भाडामा छुटको व्यवस्था र सिटको व्यवस्थालगायतका माग गर्दै आएका छन् । बजार भाउ र महँगीलाई मध्यनजर राखेर ज्येष्ठ नागरिकले पाउँदै भएको वृद्धाभत्ता कम्तीमा पाँच हजार रुपैयाँ पुर्‍याउनुपर्ने सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले एक सय रुपैयाँबाट सुरु गर्नु भएको वृद्धाभत्ता स्वास्थ्य उपचार खर्चसहित अहिले चार हजार रुपैयाँ पुगेको छ । ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई वृद्धभत्ता दिँदै आए पनि ज्येष्ठ नागरिकहरूले ६० वर्षदेखि नै दिनुपर्ने मागसमेत गरेका छन्। *-अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी. कालीकोट

# सामुदायिक वन समुदायको जीविकोपार्जनको माध्यम

नमस्ते समचारदाता

बाँके, मंसिर/१७



बाँकेका सामुदायिक वन समुदायको विकासका लागि मात्र नभएर जीविकोपार्जनको माध्यम समेत बनेका छन् । स्थानीय उपभोक्ताहरूको हरेक समस्यामा सामुदायिक वन समूह असल साथी बनेर सहभागी हुने र आवश्यक सहयोग गर्ने गरेको छ । जसका कारण कतिपय उपभोक्ताहरूले सरल रूपमा आफ्नो जीविकोपार्जन गरेका छन् भने कतिपय उपभोक्ताहरू स्वरोजगार समेत बनेका छन् । सामुदायिक वनहरूले आफ्नो वनमा रहेका काठ दाउरा बिक्री गरेर लाखौं रुपियाँ आम्दानी गर्दै आएका छन् । काठ दाउराको बिक्रीबाट भएको आम्दानीबाट समुदायको विकासका लागि आवश्यक कामहरू गर्नुका साथै स्थानीय उपभोक्ताहरूलाई अप्ठ्यारो परेको बेलामा सहयोग गर्दै जीविकोपार्जनका समेतसहयोग गर्ने गरेका छन् । बाँकेको राप्तीसोनारी-२ मदुईस्थित अशोक सामुदायिक वन उपभोक्ता समूहले समाजमा हुने हरेक विकास निकासका क्रियाकलापहरूमा आफ्नो साझेदारी गर्दै आएको छ । सामुदायिक वनका कारण स्थानीय उपभोक्ताहरूले सहज रूपमा जीविकोपार्जन गर्दै आएका छन् भने रोजगारीको सृजना समेत भएको छ । २०५७ सालमा गठन भएको सो वनले ३९३ हेक्टर वनक्षेत्र ओगटेको छ । समूहमा १३२ घरधुरी सहभागी रहेका छन् । समूहका अध्यक्ष भगानु थारुले भने, 'हामीले स्थापना भएदेखि हालसम्म समूहका सदस्य तथा उनका परिवारहरूलाई आवश्यक सहयोग गर्नुका साथै समुदायमा हुने हरेक पूर्वाधार विकासमा हाम्रो लगानी गर्दै आएका छौं, समुदायकै विकासका काममा हाम्रो साझेदारी रहँदै आएको छ ।' उपभोक्ताहरुका आय आर्जनमा टेवा पुराउनुका साथै आपत् परेको बेलामा सहयोग, बालबालिकालाई शिक्षामा सहयोग तथा स्वरोजगार बन्न मद्दत गर्दै आएका थारुको भनाइ छ। अध्यक्ष थारुले थपे, 'कचनापुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानीको ट्याङ्की निर्माण गरिदिएको छ । त्यहाँबाट उपभोक्ताका घरसम्म पुग्ने पाइप लाइन बिछ्याउने, पानीको मिटर जडान गर्ने लगायतका कार्यमा ५० प्रतिशत अनुदान लागत हामी आफैले बेहोरेका छौं । गत वर्ष १२ जना उपभोक्ताको घरमा खानेपानी पुर्याउने काम गर्‍यौं, यो वर्ष पनि यो कामलाई निरन्तरता दिन्छौं ।' समूहले गाउँमा विद्युतीकरण गर्दा समेत २० प्रतिशत लगानी गरेको छ । त्यसैगरी सिँचाइका लागि मोटर तथा पाइप खरिदमा पनि कूल लागतको ५० प्रतिशत अनुदान रकम उपभोक्तालाई प्रदान गर्दै आएको छ । गाउँको तीन किलोमिटर सडकमा सडक बत्ती हाल्ने काम समेत समूहले आफै गरेको छ। समूहका कोषाध्यक्ष मीनबहादुर सेजुवालले भने, 'हामीले सामाजिक कार्य अन्तर्गत थुप्रै काममा सहयोग गर्ने गरेका छौं । ग्रामीण सडकहरू बिग्रे भत्केमा मर्मत सम्भार गर्नेदेखि लिएर उपभोक्ता तथा परिवारका सदस्यहरू बिरामी हुँदा उपचारका लागि सहयोग समेत गर्ने गरेका छौं । कोही सदस्य बिरामी भएर उपचार गराउनका लागि रुपियाँ पैसा नहुँदा तीन महिनाका लागि २५ हजार रुपियाँ सापटीका रूपमा दिने समेत गरेका छौं ।' समूहले स्थानीय दुई जना स्वयंसेविकालाई वार्षिक ६ हजारका दरले प्रोत्साहन रकम दिने गरेको छ । गर्भवती आमाहरूलाई शिशु स्याहार कार्यक्रम अन्तर्गत पोसिलो खानेकुरा तथा आवश्यक सामग्रीदेखि लिएर बच्चालाई न्यानो कपडा समेत प्रदान गर्ने गरेको छ। त्यसैगरी उपभोक्तालाई जीविकोपार्जन तथा स्वरोजगार बनाउनका लागि विभिन्न आयआर्जन कार्यक्रम सञ्चालन गरेको छ । समूहका सहसचिव अरुण गौतमका अनुसार १० कक्षामा अध्ययन गर्ने उपभोक्ताका बालबालिकाहरूलाई वार्षिक ३ हजार रुपियाँका दरले प्रति व्यक्ति शैक्षिक सहयोग गर्ने गरिएको छ । त्यसैगरी स्थानीय लक्ष्मी माविलाई आवश्यक ३० सेट बेञ्चडेस्क प्रदान गर्नुका साथै स्मार्ट बोर्ड समेत समूहले सहयोग गरेको छ । साथै विद्यालयको भवन निर्माण गर्दा समेत समूहका तर्फबाट सहयोग गरिएको छ । सामुहिक हितका लागि वनको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै आएको उक्त समूहले हरेक वर्ष खाली वनक्षेत्रमा बिरुवा लगाउनुका साथै वनक्षेत्र र बस्ती क्षेत्रबिच तारबार लगाउने काम गर्दै आएको छ । जसले गर्दा वन्यजन्तु र मानवबिच हुने सम्भावित द्वन्द्वलाई न्यूनीकरण भएको छ । त्यसैगरी वनक्षेत्रमा रहेका वेतबाँस तथा तेँजुका पात बिक्रीबाट समेत समूहले राम्रो आम्दानी गर्दै आएको छ ।

# काँग्रेस–एमाले गठबन्धनलाई पराजीत गर्दै माओवादी विजयी

नमस्ते समचारदाता

रुकुमपश्चिम, मंसिर/१७



रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा पदमा आइतबार भएको उपनिर्वाचनमा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार नरपुरा बुढा निर्वाचित भएकी छन् । निर्वाचन आयोगका अनुसार माओवादी केन्द्रका उम्मेदवार बुढाले ३ हजार ६२७ मत प्राप्त गरी निर्वाचित भएकी छन् भने उनका प्रतिस्पर्धी केशकुमारी तुलाचनले २ हजार १२८ मत प्राप्त गरेकी छन् । केशकुमारी तुलाचन एमाले रुकुम पूर्वकी नेत्री हुन । तर यो निर्वाचनमा काँग्रेस-एमाले गठबन्धन गरेर उम्मेदवार दिदा उम्मेदवार व्यक्ति एमालेको चुनाव चिन्ह काँग्रेसको भएर उम्मेदवारी दर्ता गराउँदा नै धेरैले पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा पदमा हुने निर्वाचनलाई अनौठो मानेका थिए । निर्वाचनमा माओवादी केन्द्रका उम्मेदवार एक्लैले काँग्रेस-एमाले गठबन्धनका उम्मेदवारलाई पराजीत गराइन ।

## कारबाहीको...

पूर्वाधार विकास निर्देशनालय अगाडिको २४० मिटर सडकको पनि बेस राखेर कालोपत्रे गर्न बाँकी छ । भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अगाडिको २२० मिटर सडकको नालाको काम पनि पूरा भएको छैन । बस्नेत नर्सरीदेखि पुरानो वडा कार्यालय जोड्ने ६३० मिटरको सडक, डीआईजी चोकदेखि खारखोली जोड्ने १११ मिटरको सडक, कालिन्चोक-मिलनचोक जोड्ने ३८८ मिटर सडकको बेस रोखर कालोपत्रे गर्न बाँकी छ । कुनै सडकको नाला बिचमै अलपत्र छ । यस्तै खजुरा भित्री मोडेल कलेजदेखि उत्तर पश्चिम जोड्ने ७३० मिटर सडकको रङरोगन गर्ने काम बाँकी छ भने गण्डकी लाइन अन्तर्गत मुख्य बजारभित्रको १२० मिटर सडकको १२० मिटर नाला, सब-बेसदेखि बेस राखेर कालोपत्रे गर्ने काम पूरै बाँकी छ । महिला छात्रावासदेखि दैलेख रोड जोड्ने ४४० मिटरको सडकमा अहिलेसम्म ३६६ मिटर नालाको काममात्रै भएको छ । यस्तै लालुपाते उत्तरतर्फको २०० मिटरको सडकको बेस राखेर कालोपत्रे गर्न बाँकी छ भने रत्न राजमार्ग-सितलनगर जोड्ने १६० मिटरको सडकको नालाको काम पनि सुरु नभएको इञ्जिनियर पाण्डे बताउँछन् । 'कान्छाराम कन्स्ट्रक्सन'ले यी सडकहरू ०७९ फागुन २८ गते निर्माण सम्पन्न गर्ने गरी ०७८ भदौ १७ गते १२ करोड ९४ लाख ३७ हजार ४६२ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । तोकिएको मितिमा काम सम्पन्न नगरेपछि ०८१ मंसिर २० गतेसम्म म्याद थप गरिएको थियो । असारदेखि भने उक्त कम्पनी काम नगरेर सम्पर्क विहीन भयो । ठेकेदार कम्पनी सम्पर्कमा आएपछि अहिले धमाधम काम गर्न निर्देशन दिइएको भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढा बताउँछन् । मन्त्री बुढाका अनुसार अब ठेकेदार विरुद्ध सरकार निर्मम भएर लागेको छ । अहिले ठेक्का लिएर विभिन्न जिल्लामा सडक अलपत्र पारेका ठेकेदारहरूलाई मन्त्रालयमै बोलाएर अन्तिम पटक चेतावनी दिने काम भइरहेको उनले बताए । मन्त्रालयले नियमित रूपमा निर्माण व्यवसायी र जिल्लाका कार्यालय प्रमुखसँग छलफल गरी समस्या र त्यसको समाधानको उपाय खोजेर विकास निर्माणको कामलाई तीव्रता दिइने मन्त्री बुढाले बताए । छलफलमा निर्माण व्यवसायीले समयमा काम नगरे कानुनी सजाय भोग्न तयार छु भनेर निर्णयमा हस्ताक्षरसमेत गरेका छन् ।

## नमूना...

दुई छोराका साथ बस्दै आएकी उनको घर भूकम्पले पूर्ण रूपमा क्षति गरेको थियो । सानोपुलका परिमले शारीरिक रूपमा अशक्त एकल पुरुष हुन । उनको आर्थिक अवस्था एकदमै कमजोर छ । बेलायती राजदूतावासको सहयोगमा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा राष्ट्रसङ्घीय निकायहरूको साझेदारीमा सञ्चालित संयुक्त पुनर्लाभ कार्ययोजना अन्तर्गत यी भवन तयार भएका हुन् । नमुना आवास अन्तर्गत तयार गरिएका यी भवन नयाँ प्रविधिमा आधारित छन् । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनका आवास संयोजक चेरी अबिला, गैरसरकारी संस्था महासङ्घ रुकुमपश्चिमका अध्यक्ष भीमराज ओली, स्थानीय जनप्रतिनिधि लगायतले औपचारिक रूपमा प्रभावित परिवारलाई घर हस्तान्तरण गरेका छन् । बलियो र सुरक्षित आवास मानिएका यी घरमा वातावरणमैत्री इँटा प्रयोग गरेर भूकम्प प्रतिरोधी बनाइएको छ । नमुना आवासका लागि तयार गरिएका घरमा दुई कोठा छन् भने एक शौचालय छ । आइओएमले स्थानीय तहको सिफारिसका आधारमा जाजरकोट र रुकुमपश्चिममा २३ वटा नमुना घर निर्माण सुरु गरेको थियो । जाजरकोटमा १२ वटा र रुकुमपश्चिममा ११ वटा नमुना घर निर्माण गर्ने क्रममा चार वटा घर निर्माण सम्पन्न भएर हस्तान्तरण गरिएको हो भने बाँकी आवास निर्माण सम्पन्न हुने चरणमा रहेका बताइएको छ ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

**करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्वन्धि सूचना**

सूचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि १ (एक) जना सिभिल इन्जिनियर खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०७/२१ गतेको विज्ञापन नं. १/२०८१-०८२/सी.इन्जीनियर अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्बन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र. सं. | बिज्ञापन नम्बर | पद र तह | सेवा /समुह | आवाश्यक शैक्षिक योग्यता | परीक्षाको किसिम | परिक्षा मिति , समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | १ /२०८१-०८२/ सि. इन्जिनियर | सिभिल इन्जिनियर , छैटौं | इन्जिनियरिङ /सिभिल /कारार | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियर विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | अन्तर्वार्ता र फायल अध्ययन | मिति: २०८१/०८/२२ समय: बिहान १०:०० बजे स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा |

पुनश्च : अन्तर्वार्ता परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि प्रमुख प्रशासकीय अधिकृत



# 'बजेट अभावमा कर्णाली प्रदेशका कुनै पनि खानेपानी योजना रोकिँदैन': मन्त्री यादव

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/१७




सुर्खेत संघिय सरकारका खानेपानीमन्त्री प्रदीप यादवले कर्णाली प्रदेशमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सहितका सबै प्रक्रिया पूरा गरेका खानेपानी योजना बजेट अभावका कारण नरोकिने बताएका छन् । कर्णाली प्रदेश सदरमुकाम सुर्खेतस्थित वीरेन्द्रनगरमा सोमबार सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत ग्रामीण खानेपानी सेवा सहायता केन्द्र शुभारम्भ कार्यक्रममा यादवले बजेट अभाव देखाई काम हुन नसकेका सङ्घीय खानेपानी योजनामा अब समस्या नहुने बताएका हुन । मन्त्री यादवले आश्वास्त पार्दै भने, 'म यहाँका जनप्रतिनिधि, स्थानीयवासीलाई विश्वास दिलाउन चाहन्छु, सङ्घीय सरकार खानेपानी मन्त्रालयबाट कर्णाली प्रदेशमा सञ्चालन भइरहेका र बजेट नभएर रोकिएका कुनै पनि योजना पैसा अभावमा रोकिने छैन । बजेट रकमान्तर गरेर भए पनि यहाँका समस्या समाधान गर्छु ।' यसैगरी मन्त्री यादवले कर्णाली प्रदेशसहित विकट क्षेत्रका आम नेपाली नागरिकलाई स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइमा पहुँच पुऱ्याउन आफू लागि परेको बताए । कर्णाली प्रदेशका अधिकांश क्षेत्रमा हालसम्म जम्मा चार प्रतिशतले मात्रै शुद्ध खानेपानी पाइरहेका र ९६ प्रतिशतले अहिलेसम्म पनि शुद्ध पानी नपाएको अवस्था छ । यसको अन्त्य गर्न लागि परेको छु, मन्त्री यादवले भने । मन्त्री यादवले स्वच्छ खानेपानी सहित एक घर एक धाराको अवधारणालाई अघि सारेर आफूले काम अगाडि बढाइ काम गरिरहेको जानकारी दिदै यस सेवा केन्द्रले स्थानीय तहमा रहेका ग्रामीण खानेपानी आयोजनाका उपभोक्ता समिति र सम्बन्धित गाउँ र नगर पालिकाका खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई बिच मुख्य समन्वयकारी भूमिका खेल्ने लक्ष्य राखिएको दावी समेत गरे । वीरेन्द्रनगर नगरपालिकाका करिब २० हजार घरधुरीलाई खानेपानी सेवा उपलब्ध गराउने गरी विश्व बैङ्कको सहयोगमा भेरी लिफ्टिङ आयोजना निर्माण गर्न खानेपानी मन्त्रालयले समन्वयकारी भूमिका खेलेको समेत यादवले बताए । ग्रामीण खानेपानी सेवा सहायता केन्द्र स्थापना गर्न मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, कर्णाली प्रदेशको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, फिनल्यान्ड सरकार युरोपियन युनियन, स्थानीय तह तथा उपभोक्ता समिति, सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना (सुस्वा) ले सहयोग गरेको छ । कार्यक्रममा मन्त्रालयका सचिव ई प्रमीलादेवी शाक्य बज्राचार्यले खानेपानी मन्त्रालयले भविष्यमा सहायता केन्द्र अन्य प्रदेशमा समेत विस्तारका लागि पहल हुने बताएका छन् । खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठले दिगो विकासको लक्ष्य, ऐन नीति अनुसार प्रगति हासिल गर्ने जिम्मेवारी तिनै तहको भएकाले केन्द्रले खानेपानी आयोजनाको दिगो सञ्चालनमा सहयोग पुऱ्याउने बताए ।

# सिद्धार्थ हस्पिटालिटीले कर्णाली प्रदेशका रैथाने उत्पादन प्रवर्द्धन गर्दै



नमस्ते समचारदाता
सुर्खेत, मंसिर/१७

सुर्खेतको वीरेन्द्रनगरमा रहेको कर्णाली प्रदेशको पहिलो चार तारे होटल सिद्धार्थ सन्नी रिसोर्टले कर्णाली प्रदेशका रैथाने उत्पादन प्रवर्द्धनमा जोड दिएको छ । सिद्धार्थले सोभेनियर सपमार्फत विभिन्न स्थानीय उत्पादनको प्रवर्द्धन तथा बिक्री गरिरहेको हो । सोभेनियर सपमा सिमी, मार्सी चामल, मकै, मह, ओखर, रुद्राक्ष, ग्रीन टी लगायतका उत्पादन राखिएको होटलका अपरेशन म्यानेजर रामकृष्ण तिमिल्सेनाले बताए । उनका अनुसार राउटे र अन्य समूदायले बनाएका काठका सामग्री, थारू समूदायले बनाएका ढकिया, डालो, डोकोलगायतका सामग्री समेत सोभेनियर सपमा राखिएको छ । प्रायः होटलको सोभेनियर सपमा गरगहना र कपडा राख्ने चलन भए पनि यस होटलमा भने यस क्षेत्रका रैथाने उत्पादन राखिएको हो । तिमिल्सेनालले भने, 'यहाँ आउने सेवाग्राहीले कर्णालीको चिनोका रुपमा विभिन्न उत्पादन तथा अर्गानिक कृषिजन्य उत्पादन कोसेलीका रुपमा लैजान सकून भन्ने उद्देश्यले यसको सुरुवात गरिएको हो । हाम्रो यो प्रयासबाट यहाँका उत्पादनको प्रवर्द्धन तथा बजारीकरण हुनुका साथै किसानलाई प्रोत्साहन हुने अपेक्षा गरेका छौ ।' रैथाने बालीलगायतका उत्पादन प्रवर्द्धन गर्दै आएको कर्णाली प्रदेशको उद्योग मन्त्रालय अन्तर्गतको लघु ओद्योगिक ग्राम सञ्चालक समितिको समन्वयमा सिद्धार्थ होटललाई उक्त उत्पादन आपूर्तिका लागि समन्वयन गरिएको सो समितिका अध्यक्ष उदिराम डाँगीले जानकारी गराए ।


हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

**करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्बन्धि सूचना**

सूचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि हे.अ., अ.हे.व., अ.न.मि., मलेरिया कार्यक्रता, चालक र का.स पदका लागि खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०६ /२१ गतेको प्रकाशित विज्ञापन अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्बन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र.सं. | विज्ञापन नम्बर | पद र तह | परीक्षाको किसिम | परिक्षा मिति | समय |
|---|---|---|---|---|---|
| १ | १ -२०८१-०८२ | हे .अ ., पाँचौ | लिखित | २०८१/०८/२३ | बिहान ०८ :०० बजे |
| २ | २ -२०८१-०८२ | अ.हे.व., चौथो | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ३ | ३ -२०८१-०८२ | अ.न.मि.,चौथो | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ४ | ४ -२०८१-०८२ | का.स. | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ५ | ५ -२०८१-०८२ | हल्का सवारी चालक | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ६ | ६ -२०८१-०८२ | ग्रामिण मलेरिया कार्यक्रता | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |

परिक्षा हुने स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा

पुनश्च : परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि प्रमुख प्रशासकीय अधिकृत



हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

**करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्बन्धि सूचना**

सूचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि १ (एक) कृषि स्नातक /कृषि विज्ञ खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०७/११ गतेको विज्ञापन नं. कृषि /२०८१-०८२-०१ अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्बन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र.सं. | विज्ञापन नम्बर | पद र तह सेवा /समुह | आवश्यक शैक्षिक योग्यता | परीक्षाको किसिम | परिक्षा मिति , समय र स्थान |
|---|---|---|---|---|---|
| १ | कृषि /२०८१-०८२-०१ | कृषि स्नातक /कृषि विज्ञ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | अन्तर्वार्ता र फायल अध्ययन | मिति: २०८१/०८/२२ समय: दिउसो ०१:०० बजे स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा |

पुनश्च : अन्तर्वार्ता परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि प्रमुख प्रशासकीय अधिकृत



## विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफुल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके